गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | |
|---|---|
| छापावाल सुन | : २,९४,५०० ▼ |
| चाँदी | : ४९९५ ▼ |

**सेयर बजार**

| | |
|---|---|
| नेप्से इन्डेक्स | : २७४४.४५ (-२६.१६) ▼ |
| कारोबार रकम | : ४,९८६,३०३,३९३ ▼ |
| कारोबार भएका सेयर | : १२,१३४,३६० |
| कारोबार सङ्ख्या | : १०४,००५ |
| कारोबार भएका कम्पनी | : ३५१ |

# खुद्रा मूल्य विवादले भन्सारमा रोकिए वस्तु



तस्बिर : नवराज कट्टेल

**विराटनगर भन्सारपरिसरमा रोकिएका मालवस्तु बोकेका सवारी ।**

**नवराज कट्टेल**
*विराटनगर, वैशाख १६ गते*

विराटनगर भन्सार कार्यालयमा औद्योगिक प्रयोजनका कच्चा पदार्थबाहेक व्यावसायिक वस्तु बोकेका कन्टेनर रोकिएका छन् । वस्तुको अधिकतम खुद्रा मूल्य नलेखिए पनि आलु, प्याज र स्याउबाहेक व्यावसायिक सामान भन्सार परिसरमा मङ्गलबारदेखि नै रोकिएका हुन् ।

मङ्गलबारदेखि सरकारले व्यावसायिक वस्तुको एमआरपी (मूल्य) अनिवार्य गरेको थियो। मङ्गलबार आइसिपीपरिसरमा दुई सय मालवाहक ट्रक रोकिएका थिए। बुधबार दिउँसोसम्ममा थप एक सय मालवाहक सवारी थपिएका छन्।

विराटनगर भन्सार कार्यालयका सूचना अधिकारी विमलदेव साहका अनुसार एमआरपी उल्लेख नभएका व्यावसायिक वस्तुको जाँचपास रोकिएको बताउनुभयो। औद्योगिक कच्चा लिएर आउने मालवाहक सवारी भने रोकिएका छैनन् । साहका अनुसार व्यावसायिक प्रयोजनका लागि आयात हुने तयारी खाद्य सामग्रीको प्याकिङको लेबलमा मूल्य, मिति र ब्रान्ड अनिवार्य रहेको छ । भन्सार विभागको परिपत्रले तयारी खाद्य वस्तुको हकमा भने अनुसार बाहेक स्याउ, आलु र प्याजलाई छोडिएको हो। सरकारको यो नियमले विराटनगरका व्यवसायी भने अलमलमा परेको सुनाउँछन्। मोरङ उद्योग व्यापार सङ्घका अध्यक्ष अनुपम राठीले सरकारले उपभोक्ताको हातमा पुग्ने वस्तुमा खोजिरहेको मूल्य भन्सारविन्दुमा सम्भव नहुने बताउनुभयो। उहाँले आयातकर्तासँग नभएर बिक्रीकर्तासँग वस्तुको अधिकतम खुद्रा मूल्य खोज्नुपर्ने प्रणालीको विकास चाहिएको बताउनुभयो।

अध्यक्ष राठीले व्यापारिक प्रयोजनका वस्तु उत्पादन हुने भारत तथा अन्य देशका उद्योगमा नेपालका लागि छुट्टै लेबल तयार पार्ने, त्यसमा मूल्य उल्लेख गर्ने सम्भावना कम हुन्छ। त्यसमा पनि नेपालमा यति मूल्यमा बिक्री गर्नु पर्छ भनेर निर्धारण सम्भव छैन । सबै व्यवसायीले उद्योगमै पुगेर सामान ल्याउन सक्ने सम्भावना कम रहेकाले १० वटा थोक विक्रेताबाट सामान मगाउने गरेको उहाँको दाबी छ। त्यस्तो अवस्था रहेको व्यापारमा भन्सारविन्दुमै अधिकतम खुद्रा मूल्य तोक्न लगाउन नमिल्ने उहाँको भनाइ छ।

भन्सार एजेन्ट सङ्घका अध्यक्ष देवकी शर्माका अनुसार ट्याक्टर, एसी, पङ्खा, छाता, तयारी पोसाक, फ्रिज जस्ता वस्तु जाँचपास भएको छैन । आलु, प्याज र स्याउको हकमा भने भन्सार कार्यालयले जाँचपास गरिरहेको छ। बल्क कार्गोमा आउने यी वस्तु धेरै समय रोक्दा बिग्रन सक्ने भएर पनि छोडिएको हुन सक्ने बुझाइ शर्माको छ।

सरकारले भन्सारबाट प्रवेश गर्ने समयमै व्यावसायिक वस्तुको अधिकतम खुद्रा मूल्य यकिन गर्नुपर्ने गरी लगाएको नियमले मिल्दैनमिल्ने भन्दै सङ्घले प्रतिनिधि सभा सदस्यसँग मङ्गलबार नै औपचारिक गुनासो राखेको थियो । सङ्घमा स्वागत तथा छलफल कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी केन्द्रीय कोषाध्यक्ष तथा सङ्घीय सांसद लिमा अधिकारीसँग व्यवसायीले उपभोक्ताका लागि मूल्य निर्धारण गर्नुपर्ने सरकारले आयातकर्तासँग खुद्रा मूल्य खोजिरहेको गुनासो गरेका थिए।

अध्यक्ष राठीले आर्थिक विकास, लगानी प्रवर्धन, रोजगारी सिर्जना तथा औद्योगिक वातावरण सुधारका लागि निजी क्षेत्रलाई सहज बनाउनुपर्ने माग गर्नुभयो । उहाँले कसैले कानुनविपरीतका कार्य गरे कारबाही गर्नुपर्ने माग रहे पनि अनावश्यक नियमका उल्झन नलगाइदिन आग्रह गर्नुभएको थियो।

# एमआरपी कार्यान्वयनमा व्यावहारिकता हेर्न आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १६ गते*

नेपाल चेम्बर अफ कमर्सले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवलाई भेट गरी समग्र उद्योग व्यवसायक्षेत्र सुधारका लागि सुझाव दिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति सचिव कृष्णबहादुर राउतसमेतको उपस्थिति रहेको उक्त भेटका क्रममा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको प्रतिनिधिमण्डलले मन्त्री यादवलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै वर्तमान चुनौतीपूर्ण अवस्थामा निजी क्षेत्रसँग सहकार्य गर्दै नीतिगत स्पष्टता, लगानीमैत्री वातावरण र व्यवसायीको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको हो।

भेटका क्रममा चेम्बरले विशेष गरी भन्सारविन्दुमा आयात हुने वस्तुमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने व्यवस्था व्यवहारतः जटिल र प्रक्रियागत कठिनाइ रहेको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा पुनर्विचार गर्न सरकारलाई सुझाव दिएको छ। सानो परिमाणमा हुने आयातका कारण विदेशी निर्यातकर्ताले एमआरपी वा लेबल व्यवस्थापन गर्न नचाहने, अन्तर्राष्ट्रिय बजारमा वस्तुको मूल्य निरन्तर परिवर्तन भइरहने, दैनिक रूपमा विनिमय दरमा उतारचढाव आउने तथा हार्मोनाइज्ड कोडको सुनिश्चित नभएका कारण भन्सार एवं अन्तःशुल्क दरबन्दीमा फरक परिरहने साथै भन्सारपरिसरमा पूर्वाधारको अभावले त्यस्ता स्टिकर, लेबल राख्न सम्भव नहुने चेम्बरले जनाएको छ।

चेम्बरले एमआरपीसम्बन्धी नीति बनाउँदा अन्तर्राष्ट्रिय व्यापारको यथार्थ, मूल्य अस्थिरता र आयात प्रक्रियाका व्यावहारिक पक्षलाई ध्यानमा राख्नुपर्नेमा जोड दिएको छ । साथै उपभोक्ता संरक्षण र पारदर्शिता कायम गर्ने उद्देश्यलाई ध्यानमा राख्दै लचिलो र प्रविधिमैत्री प्रणाली विकास गर्नुपर्ने सुझाव पनि दिएको छ।

यसै गरी चेम्बरले निर्यात प्रवर्धनमार्फत व्यापार घाटा न्यूनीकरण गर्न सरकारलाई ध्यानाकर्षण गराएको छ। स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादन वृद्धि, मूल्य अभिवृद्धि गर्ने उद्योगलाई प्रोत्साहन, निर्यात अनुदान वृद्धि र सातै प्रदेशमा 'निर्यात गृह' स्थापना गर्नुपर्ने प्रस्ताव अघि सारिएको छ।

भारत–युरोप स्वतन्त्र व्यापार सम्झौताले नेपालको निर्यातमा पर्ने प्रभावलाई ध्यानमा राख्दै वैदेशिक व्यापार नीतिमा समयानुकूल परिमार्जन आवश्यक रहेको पनि चेम्बरले जनाएको छ।

निजी क्षेत्रको लगानी प्रवर्धन, स्टार्टअप र युवा उद्यमशीलता विकास, व्यवसाय दर्ता र कर प्रणालीको डिजिटाइजेसन, साना तथा मझौला उद्योगलाई सहुलियत तथा आपूर्ति प्रणाली सुदृढीकरणका विषयसमेत चेम्बरले सरकारलाई सुझाव दिएको छ।

चेम्बरले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रलाई सबल बनाउन सुशासन, पारदर्शिता र निजी क्षेत्रसँगको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै मन्त्री यादवको कार्यकाल सफल हुने विश्वास व्यक्त गरेको छ।

सो अवसरमा मन्त्री यादवले नेपाल चेम्बर अफ कमर्सले मुख्य रूपमा उठाएको एमआरपीको समस्यालगायतका प्रस्तुत सुझावउपर छलफल गरी निजी क्षेत्रका लागि सकारात्मक वातावरण तयार पार्ने दिशामा सरकार अघि बढ्ने जनाउनुभयो।

# हट्यो आरोहण सुरु नहुँदै सिजन सकिने चिन्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १६ गते*

आरोहण सुरु नहुँदै सिजन सकिने चिन्ताबिच सगरमाथा, ल्होत्से र नुप्त्से आरोहणका लागि बाटो बनाउने काम अघि बढेको छ। यस वर्ष सगरमाथा आधार शिविरदेखि पहिलो आधार शिविर पुग्ने बाटोमा पर्ने खुम्बु आइसफल क्षेत्रमा हिउँको ठुलो थुप्रो (सेराक) ले पुर्‍याएको बाधा र जोखिमबिच तीन साता ढिलो गरी बाटो खोल्ने कामले सफलता पाएको हो। पर्यटन विभागका अनुसार खुम्बु आइसफल क्षेत्रमा अवरोधका रूपमा उभिएको एक सय मिटर अग्लो हिउँको ढिस्कोको छेउ किनाराबाट वैकल्पिक बाटो पहिल्याउँदै अनुभवी शेर्पा (आइसफल डक्टर) को टोली अवरोध छिचोलेर उकालो लागेको छ।

विभागका निर्देशक निशा थापा राउतले भन्नुभयो, "शेर्पाको टोली मङ्गलबार दिउँसो दोस्रो आधार शिविर पुगेको छ। यसअघि प्रचलनमा रहेको मार्गमा जारी अवरोध पूर्ण रूपमा हट्न समय लाग्ने अवस्थाका बिच अवरोध पुर्‍याएको हिउँको थुप्रोको छेउ भएर शेर्पाको टोली पहिलो आधार शिविर हुँदै दोस्रो शिविर पुगेको हो।"

लगातार तापक्रम वृद्धि र हिउँको चलायमान अवस्थाले जोखिम बढाएको हिउँको थुप्रो करिब ७० प्रतिशत पग्लिए पनि आवागमन सुनिश्चित गर्न उक्त खण्डलाई थप सुदृढ र सुरक्षित बनाउन पुनः मूल्याङ्कनको काम भने जारी नै रहेको उहाँले बताउनुभयो।

सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाका अनुसार सिजनको सबैभन्दा महत्त्वपूर्ण समय नजिकिए पनि मार्ग नखुल्दा आरोहीको योजना अन्योलमा परेको थियो। उच्च जोखिम र कठिन भौगोलिक अवस्थाका बिच निरन्तरको प्रयासका कारण आंशिक रूपमा बाटो तयार भए पनि तत्कालका लागि आरोही र सहयोगी शेर्पालाई ओहोरदोहोर गर्न भने जोखिम कायमै रहेको छ। उक्त अवरोध पार गरेर टोली दोस्रो शिविर पुगेसँगै त्यसभन्दा माथिको बाटो खोल्ने कामले भने तीव्रता लिएको र चुचुरोसम्म बाटो तयार हुँदासम्म बाधा पुर्‍याएको हिउँको थुप्रोसमेत पग्लिसक्ने अपेक्षासहित टोली वैकल्पिक बाटो पहिल्याएर उकालो लागेको उहाँले सुनाउनुभयो।

सामान्य अवस्थामा खुम्बु आइसफल हुँदै सगरमाथाको मार्ग तयार गर्न करिब सातदेखि १० दिन लाग्ने गर्छ । यस वर्ष जोखिमयुक्त हिउँको थुप्रोका कारण बाटो निर्माणमा समय लाग्दा सयौँ आरोही बाटो खुल्ने पर्खाइमा छन्। पर्यटन विभागका अनुसार यो सिजनमा आरोहण अनुमति जारी भएका २९ हिमालबाट एक अर्ब सात करोड ८७ लाख ७७ हजार ३८९ रुपियाँ हिमाली दस्तुर सङ्कलन भएको छ। जसमध्ये सगरमाथा आरोहणको अनुमति लिएका ४२५ आरोहीबाट ९२ करोड ४२ लाख २२ हजार ६७५, ल्होत्से आरोहण गर्न अनुमति लिएका १११ आरोहीबाट चार करोड ९७ लाख ७१ हजार ६५० र नुप्त्से आरोहणका लागि अनुमति लिएका ४२ जना आरोहीबाट ६२ लाख ४१ हजार ६५० रुपियाँ हिमाली दस्तुर सङ्कलन भएको छ।

**Bishnupur Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bishnupur, Siraha**
**Madhesh Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication : 2083-01-17 (30-04-2026)**

1. Bishnupur Rural Municipality, Bishnupur, Siraha invites electronic Bids for eligible bidders for following project.

| Contract No/Id | Description of Work | Estimate Amount (With VAT and PS) | Detail Information |
|---|---|---|---|
| BRM-NCB-Works-01-2082/083(Re) | 1 no wada karyalay vawan marmat samvar karya, Bishnupur Ga.Pa.-1 | 2147700.17 | Please visit Official website of PPMO (www.bolpatra.gov.np/egp) for more details. |
| BRM-NCB-Works-05-2082/083(Re) | Kapalu Thakur Ghardekhi Pachim Sadak Kalopatre work, Bishnupur Ga.Pa.-1 | 3879985.26 | |
| BRM-SQ-Works-13-2082/083 | Bishnupur Ga.Pa. wada no. 1 ra 2 ko Sadak haru Marmat Samvar Karya | 1939117.18 | |
| BRM-SQ-Works-14-2082/083 | Bishnupur Ga.Pa. wada no. 3, 4 ra 5 ko Sadak haru Marmat Samvar Karya | 1939034.75 | |

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office (IDO)**
**Jumla, Nepal**

**Notice for Opening of Price Bids**

**Date of Publication: 2083/01/17 (29th Apr, 2026)**

1. Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is to notify all the concerned bidders, participated in the bidding of contracts invited through IFB No: IDOJUM-03/082/83 published National Daily on 2082/09/11. The technical bids of following listed bidders for contracts are qualified
2. All the qualified bidders are notified to participate in opening of Price Bids scheduled on 2083/01/24 (07th May, 2023) 13:00 hours at the Infrastructure Development Office, Jumla.

| S.N | Description of Works/ Contract Identification No | Qualified Bidders |
|---|---|---|
| 1. | Construction of Jumla Gachchesagu Jaljala Gothijyula Road, Jumla/ IDO/ JUM/W/NCB/27/082/83 (Re.) | M/s Buddha/Birat/ Sinja Valley Jv, Chandannath, Jumla |
| | | M/s DBNS/BTSNS/BN S J.V, Dolpa |
| | | M/s PARAJULI-R.N. HIMALI JV, Makranchuli-3, Makawanpurgadhi |
| | | M/s GANGAMALA/O M JAYA DURGA JV, Birendranagar-3,Surkhet. |

**Office Chief**

**Geruwa Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Pashupatinagar, Bardiya**

**Invitation of Bids for the following Goods & Works Purchase**

**Date of Notice Publication:- 2083/01/17**

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| SN | Contract ID no | Description of works | Estimated Amount in (with VAT and PS excluding Contingency ) (Nrs) | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | G/GRM/ SQG/02/ 2082/083 | Procurement for the purchasing and supply of furniture and fixtures for geruwa rural municipality | | 40000 | 75 days after Bid opening Date | 1,000/- | |
| 2. | W/GRM/ SQW/19/ 2082/083 | Wash facilities and drinking water supply facility in school of geruwa rural municipality | 1802717.03 | 40000 | 75 days after Bid opening Date | 1,000/- | |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM of 2083/02/01 also bid shall be opened on the same date at 1:00 PM. Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwarmun@gmail.com/ contact:- 9848054665,9849215214 or may visit PPMO website www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as specified above.

| Bank | Revenue Account | Revenue Heading | Dharauti Account |
|---|---|---|---|
| Nepal Investment Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | | 17201400000062 |

**CHIEF ADMINISTRATIVE OFFICER**

**Paterwa Sugauli Rural Municipality**
**Office of Rural Municipal Executive**
**Paterwa Sugauli, Parsa**
**Madhesh Province, Nepal**

**Notice of Invitation For Electronic Bid**

**First Date of Publication: 2083/01/17th (30th April 2026)**

1. Paterwa Sugauli Rural Municipality,Parsa Invites electronic Bids From eligible Nepalese bidders for the following works.

| S. N. | Contract Id No. | Project Name | Bid Validity Period/Security period from the last date of submission | Estimated Amount (Inclusive VAT& P.S.) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 06/PSRMUN/ NCB/ WORKS/ 2082/083 | Road Construction Work Paterwa Sugauli R.M.-5, Nichuta South Maath East Shobha Hajra Tole | 90/120 days | 3,406,313.98 | 90,000.00 | 3000.00 | |
| 2. | 07/PSRMUN/ NCB/ WORKS/ 2082/083 | Krishi Bidhutikaran Taar Pole Jadan | 90/120 days | 3,879,210.72 | 100,000.00 | 3000.00 | |

**Further Information's to bidder:**

| | |
|---|---|
| Deadline for Bid Submission : | 2083/02/18 ( 01/06/2026) till 12:00 Noon |
| Date , Time & Place of Bid Opening | 2083/02/18 (01/06/2026) 1:00 pm at Paterwa Sugauli Rural Municipality |
| Account No. for Bid Document Purchase: | Name of Bank :- Sanima Bank ,Paterwa Sugauli branch, Parsa<br>Name of Office :- Paterwasugauli Ga. Pa.Ga 1.1 Aantrik Rajaswa khata<br>Office Account no : 064010040000008 |
| Account No. for Bid Security Deposit: | Name of Bank :- Sanima Bank ,Paterwa Sugauli branch, Parsa<br>Name of Office :- Paterwasugauli Ga.Pa.Ga3.1 Dharauti Khata<br>Office Account no : 064010020000005 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the Paterwa Sugauli Rural Municipality Office , Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to Submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instruction to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.